बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष २ अंक ४ २०८२ कार्तिक

पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुर्‍याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुर्‍याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

नेपाली बीमा बजार

आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा बीमा क्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

१. बीमालेख संख्या

सूचक	२०८१ कार्तिक मसान्तसम्ममा	२०८२ कार्तिक मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमालेख संख्या *(म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक)*	५५,६५,८३७	५८,७९,८६६	५.६४
म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या	६०,७०,७५५	७७,४०,५२२	२७.५१
वैदेशिक रोजगार बीमालेख संख्या	२१,६८,०५५	२४,४३,०९०	१२.६९
कुल सक्रिय जीवन बीमालेख संख्या	**१,३८,०४,६४७**	**१,६०,६३,४७८**	**१६.३६**
कुल जारी जीवन बीमालेख संख्या	**१८,३२,६७६**	**२४,२९,०४७**	**३२.५४**
कुल जारी निर्जीवन बीमालेख संख्या	**९,९८,५९६**	**१०,३१,९७३**	**३.३४**

चालु आ.व २०८२/८३ को कार्तिक मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट २४ लाख २९ हजार ०४७ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा १० लाख ३१ हजार ९७३ वटा बीमालेख जारी भएका छन्। साथै, यस आ.व.को कार्तिक मसान्तसम्ममा १ करोड ६० लाख ६३ हजार ४७८ वटा सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को कार्तिक मसान्तको तुलनामा १६.३६ प्रतिशतले वृद्धि भएको देखिन्छ।

२. बीमाशुल्क संकलन

रकम रु. लाखमा

सूचक	२०८१ कार्तिक मसान्तसम्ममा	२०८२ कार्तिक मसान्तसम्ममा	परिवर्तन %
प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा	१,१०,१०६.४८	१,४२,०५९.३३	२९.०२
नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा	४,२६,८८३.९०	४,९५,१६९.६३	१६.००
कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा	**५,३६,९९०.३८**	**६,३७,२२८.९६**	**१८.६७**
कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा	**१,४३,५८६.९६**	**१,६२,१४७.९८**	**१२.९३**
जम्मा बीमाशुल्क संकलन रु. लाखमा	**६,८०,५७७.३४**	**७,९९,३७६.९४**	**१७.४६**

चालु आ.व २०८२/८३ को कार्तिक मसान्तसम्ममा रु. ७९ अर्ब ९३ करोड ७७ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को कार्तिक मसान्तको तुलनामा १७.४६ प्रतिशत वृद्धि हो। त्यसैगरी, गत आ.व. को कार्तिक मसान्तको तुलनामा चालु आ.व को कार्तिक मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १८.६७ प्रतिशतले बृद्धि भई रु. ६३ अर्ब ७२ करोड २९ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ १२.९३ प्रतिशतले बृद्धि भई रु. १६ अर्ब २१ करोड ४८ लाख बीमाशुल्क संकलन भएको छ।

३. बीमा दावी भुक्तानी विवरण

रकम रु. लाखमा

सूचक	२०८१ कार्तिक मसान्तसम्ममा	२०८२ कार्तिक मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा दाबी भुक्तानी संख्या	६७,२६७	७२,९१५	८.४०
जीवन बीमा दाबी भुक्तानी रकम	१,२८,४१७.०५	१,४५,९६९.२१	१३.६७
भुक्तानी हुन बाँकी दाबी संख्या *(जीवन)*	५०,३०४	६२,५७९	२४.४०
भुक्तानी हुन बाँकी दाबी रकम *(जीवन)*	३८,४५५.५४	५०,४९८.२७	३१.३२
निर्जीवन बीमा दाबी भुक्तानी संख्या	४०,३५५	४२,०७९	४.२७
निर्जीवन बीमा दाबी भुक्तानी रकम	५५,४७१.५३	७६,७११.३७	३८.२९
भुक्तानी हुन बाँकी दाबी संख्या *(निर्जीवन)*	१,०८,७०७	१,०८,७५७	०.०५
भुक्तानी हुन बाँकी दावी रकम *(निर्जीवन)*	३,५५,७४६.२५	५,०५,५०७.९७	४२.१०

चालु आ.व २०८२/८३ को कार्तिक मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या ७२ हजार ९१५ रहेको छ जस अन्तर्गत रु. १४ अर्ब ५९ करोड ६९ लाख भुक्तानी भएको छ । गत आ.व.को कार्तिक मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा ८.४० प्रतिशत र १३.६७ प्रतिशत वृद्धि भएको देखिन्छ । साथै, ६२ हजार ५७९ वटा दाबी अन्तर्गतको रु. ५ अर्ब ४ करोड ९८ लाख भुक्तानी हुन बाँकी नै रहेको छ ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८२/८३ को कार्तिक मसान्तसम्ममा कुल ४२ हजार ७९ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु ७ अर्ब ६७ करोड ११ लाख भुक्तानी भएको छ भने, १ लाख ०८ हजार ७५७ वटा दाबी संख्या अन्तर्गत कुल रु ५० अर्ब ५५ करोड ८ लाख भुक्तानी हुन बाँकी रहेको छ । गत आ.व.को कार्तिक मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा ४.२७ प्रतिशतले वृद्धि भएको छ भने दाबी रकममा ३८.२९ प्रतिशत वृद्धि भएको देखिन्छ ।

४. जीवन बीमाको पहुँच

सूचक	२०८१ कार्तिक मसान्तसम्ममा	२०८२ कार्तिक मसान्तसम्ममा
बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)*	१७.१६	१७.९७
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)*	३५.८८	४१.६३
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)*	**४२.९२**	**४९.४८**

१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा चालु आ.व को कार्तिक मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ४९.४८ प्रतिशत जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ५०.५२% जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ ।

५. समर्पण तथा व्यतित विवरण

रकम रु. लाखमा

सूचक	२०८१ कार्तिक मसान्तसम्ममा	२०८२ कार्तिक मसान्तसम्ममा	परिवर्तन %
समर्पण संख्या	३५,९८५	२९,४५९	(१८.१४)
समर्पण रकम	४८,२९७.२६	४५,२६९.६६	(६.२७)
व्यतित बीमालेखको संख्या	१२,०५,९६२	१२,१७,७०२	०.९७

व्यतित बीमालेखको रकम	३,५१,३०२.९४	३,६७,७८५.८४	४.६९

चालु आ.व २०८२/८३ को कार्तिक मसान्तसम्ममा २९ हजार ४५९ वटा जीवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु ४ अर्ब ५२ करोड ७० लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १२ लाख १७ हजार ७०२ बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३६ अर्ब ७७ करोड ८६ लाख रहेको छ।

६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

सूचक	२०८१ कार्तिक मसान्तसम्ममा	२०८२ कार्तिक मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,८३०	१,८४४	०.७७
निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,१६१	१,१५६	(०.४३)
बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या	**२,९९१**	**३,०००**	**०.३०**
जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,८८२	६,०४१	२.७०
निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,९३६	६,२३४	५.०२
बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या	**११,८१८**	**१२,२७५**	**३.८७**

चालु आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८४४ र निर्जीवन बीमातर्फ १ हजार १५६ गरी जम्मा शाखा संख्या ३ हजार पुगेको छ भने जीवन बीमातर्फ ६ हजार ४१ र निर्जीवन बीमातर्फ ६ हजार २३४ गरी कुल १२ हजार २७५ जना कर्मचारी कार्यरत छन्।

७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

सूचक	२०८१ कार्तिक मसान्तसम्ममा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८२ कार्तिक मसान्तसम्ममा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	९८,३५७	५.३७	९५,१४१	३.९२	**(३.२७)**
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	११,०२५	०.६०	१३,६०६	०.५६	**२३.४१**
रुपान्तरित सावधिक जीवन बीमा	१४,१६५	०.७७	१६,२०८	०.६७	**१४.४२**

बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	३१,१०४	१.७०	३५,१३६	१.४५	**१२.९६**
वैदेशिक रोजगार म्यादी	२,४९,८९८	१३.६४	२,७५,४३२	११.३४	**१०.२२**
आजीवन जीवन बीमा	१,७४३	०.१०	१,६०३	०.०७	**(८.०३)**
एकल बीमाशुल्क जीवन बीमा	६,२६२	०.३४	४,५२८	०.१९	**(२७.६९)**
म्यादी जीवन बीमा	२,८७,२९०	१५.६८	३,२५,९२३	१३.४२	**१३.४५**
लघु जीवन बीमा	११,२९,३६६	६१.६२	१६,५९,०७३	६८.३०	**४६.९०**
अन्य जीवन बीमा	३,४६६	०.१९	२,३९७	०.१०	**(३०.८४)**
जम्मा	१८,३२,६७६	१००.००	२४,२९,०४७	१००.००	**३२.५४**

चालु आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ६८.३० प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन जीवन बीमालेखको ०.०७ प्रतिशत रहेको छ। गत आ.व.को कार्तिक मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा ३२.५४ प्रतिशतले वृद्धि भएको छ।

८. सक्रिय जीवन बीमालेख संख्या

जीवन बीमालेख	२०८१ कार्तिक मसान्तसम्ममा (१)	सक्रिय बीमालेख को हिस्सा प्रतिशत	२०८२ कार्तिक मसान्तसम्ममा (२)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	२०,५१,९५५	१४.८६	२१,८०,५४९	१३.५७	**६.२७**
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	४,४६,६३८	३.२४	४,५७,०४२	२.८५	**२.३३**
रुपान्तरित सावधिक जीवन बीमा	५,३८,५१८	३.९०	५,९५,०९१	३.७०	**१०.५१**
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	१०,०७,०१०	७.२९	१०,७६,४६८	६.७०	**६.९०**
वैदेशिक रोजगार म्यादि जीवन बीमा	२१,६८,०५५	१५.७१	२४,४३,०९०	१५.२१	**१२.६९**
आजिवन जीवन बीमा	१,७३,५४२	१.२६	१,७०,७६६	१.०६	**(१.६०)**
एकल बीमाशुल्क जीवन बीमा	८०,४९७	०.५८	१,०५,००४	०.६५	**३०.४४**
म्यादि जीवन बीमा	३२,७०,२३१	२३.६९	३३,६७,४०४	२०.९६	**२.९७**
लघु जीवन बीमा	३९,४४,३४२	२८.५७	५५,४५,३६८	३४.५२	**४०.५९**
अन्य जीवन बीमा	१,२३,८५९	०.९०	१,२२,६९६	०.७६	**(०.९४)**

जम्मा	१,३८,०४,६४७	१००.००	१,६०,६३,४७८	१००.००	**१६.३६**

चालु आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ३४.५२ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेखको ०.६५ प्रतिशत रहेको छ। गत आ.व. को कार्तिक मसान्तसम्मको तुलनामा चालु आ.व.को कार्तिक मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा १६.३६ प्रतिशत वृद्धि भएको छ।

९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

प्रदेश	२०८१ कार्तिक मसान्तसम्ममा (१)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	२०८२ कार्तिक मसान्तसम्ममा (२)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१०,९९,९४१	७.९७	१७,९०,०६७	११.१४	**६२.७४**
मधेश	६,०६,१४०	४.३९	६,८६,५६८	४.२७	**१३.२७**
बागमती	९७,८३,५२५	७०.८७	१,०३,१३,४८७	६४.२०	**५.४२**
गण्डकी	५,२७,६७९	३.८२	१०,०३,०८२	६.२४	**९०.०९**
लुम्बिनी	१०,१२,४१७	७.३३	११,०८,३७४	६.९०	**९.४८**
कर्णाली	२,४४,३२८	१.७७	५,७५,७१०	३.५८	**१३५.६३**
सुदुरपश्चिम	५,३०,६१७	३.८४	५,८६,१९०	३.६५	**१०.४७**
जम्मा	१,३८,०४,६४७	१००.००	१,६०,६३,४७८	१००.००	**१६.३६**

चालु आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी सक्रिय बीमालेखको हिस्सा बागमती प्रदेशमा ६४.२० प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ३.५८ प्रतिशत रहेको छ।

१०. जारी निर्जीवन बीमालेख संख्या

निर्जीवन बीमालेख	२०८१ कार्तिक मसान्तसम्ममा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८२ कार्तिक मसान्तसम्ममा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति बीमा	१,५९,६७६	१५.९९	१,५३,४०२	१४.८६	**(३.९३)**
सामून्द्रिक बीमा	१,२०,४७५	१२.०६	१,२९,०६६	१२.५१	**७.१३**
हवाई बीमा	४२	०.००४	५३	०.००५	**२६.१९**

मोटर बीमा	४,९५,५३१	४९.६२	५,०६,१३७	४९.०५	**२.१४**
इन्जि. तथा ठे. जो. बीमा	५,३७६	०.५४	५,४४०	०.५३	**१.१९**
विविध बीमा	५३,४७७	५.३६	५२,०७१	५.०५	**(२.६३)**
कृषि तथा बाली बीमा	५८,६६७	५.८७	५४,५०४	५.२८	**(७.१०)**
लघु बीमा	१,०५,३५२	१०.५५	१,३१,३००	१२.७२	**२४.६३**
जम्मा	९,९८,५९६	१००.००	१०,३१,९७३	१००.००	**३.३४**

चालु आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४९.०५ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.००५ प्रतिशत रहेको छ। गत आ.व. को कार्तिक मसान्तसम्मको तुलनामा चालु आ.व.को सोही समयमा कुल जारी बीमालेख संख्या ३.३४ प्रतिशतले वृद्धि भएता पनि अन्य पोर्टफोलियोमा वृद्धि हुँदा कृषि तथा बाली बीमालेखमा ७.१० प्रतिशत, सम्पत्ति बीमा तथा विविध बीमा अन्तर्गत जारी बीमालेख संख्यामा क्रमशः ३.९३ र २.६३ प्रतिशतले घटेको देखिन्छ।

११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

प्रदेश	२०८१ कार्तिक मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८२ कार्तिक मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१,१८,०२२	११.८२	१,१९,३०३	११.५६	**१.०९**
मधेश	१,०३,१४०	१०.३३	१,०२,३९६	९.९२	**(०.७२)**
बागमती	४,४७,३४२	४४.८०	४,७८,८७४	४६.४०	**७.०५**
गण्डकी	९७,३४२	९.७५	९४,६०३	९.१७	**(२.८१)**
लुम्बिनी	१,६५,०७७	१६.५३	१,६७,९५४	१६.२८	**१.७४**
कर्णाली	१६,२४३	१.६३	१७,७६१	१.७२	**९.३५**
सुदुरपश्चिम	५१,४३०	५.१५	५१,०८२	४.९५	**(०.६८)**
जम्मा	९,९८,५९६	१००.००	१०,३१,९७३	१००.००	**३.३४**

चालु आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४६.४० प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.७२ प्रतिशत रहेको छ।

१२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

जीवन बीमालेख	२०८१ कार्तिक मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८२ कार्तिक मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	१,९७,२९१.४३	३६.७४	२,६३,८१४.६२	४१.४०	**३३.७२**
अग्रिम भुक्तानी सावधिक	१,१९,०७०.८८	२२.१७	१,२१,५५४.९२	१९.०८	**२.०९**
रुपान्तरित सावधिक	७०,२६६.८५	१३.०९	७२,५५५.८५	११.३९	**३.२६**
बालबच्चा सम्बन्धि सावधिक	८४,००३.०९	१५.६४	१,०३,०६७.५१	१६.१७	**२२.६९**
वैदेशिक रोजगार म्यादी	१०,५६७.८७	१.९७	११,७७३.२७	१.८५	**११.४१**
आजीवन	१४,५९०.१२	२.७२	१५,२३१.०१	२.३९	**४.३९**
एकल बीमाशुल्क	१८,२६५.०५	३.४०	२२,१८५.९५	३.४८	**२१.४७**
म्यादी	४,५९७.२०	०.८६	५,५६१.१०	०.८७	**२०.९७**
लघु	७,८९८.५५	१.४७	१०,०९०.३९	१.५८	**२७.७५**
अन्य	१०,४३९.३४	१.९४	११,३९४.३४	१.७९	**९.१५**
जम्मा	५,३६,९९०	१००.००	६,३७,२२९	१००.००	**१८.६७**

चालु आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४१.४० प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.८७ प्रतिशत रहेको छ। गत आ.व. को कार्तिक मसान्तसम्मको तुलनामा चालु आ.व.को कार्तिक मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलनमा १८.६७ प्रतिशतले वृद्धि भएको छ।

१३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८१ कार्तिक मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८२ कार्तिक मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	६७,०४५.३२	१२.४९	७५,०५७.२९	११.७८	**११.९५**
मधेश	४९,०३७.९३	९.१३	५६,५०१.४८	८.८७	**१५.२२**

बागमती	२,२९,९१९.६५	४२.८२	२,८७,८०३.२१	४५.१६	**२५.१८**
गण्डकी	५६,५०३.११	१०.५२	६४,४६७.००	१०.१२	**१४.०९**
लुम्बिनी	८४,६८४.६२	१५.७७	९६,७६३.०२	१५.१८	**१४.२६**
कर्णाली	१६,३६९.१०	३.०५	१९,१०६.२१	३.००	**१६.७२**
सुदुरपश्चिम	३३,४३०.६५	६.२३	३७,५३०.७४	५.८९	**१२.२६**
जम्मा	५,३६,९९०.३८	१००.००	६,३७,२२८.९६	१००.००	**१८.६७**

चालु आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४५.१६ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा ३ प्रतिशत रहेको छ।

१४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

निर्जीवन बीमालेख	२०८१ कार्तिक मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८२ कार्तिक मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति	३८,४२८.११	२६.७६	४१,८२६.०६	२५.७९	**८.८४**
सामून्द्रिक	८,१७७.०९	५.६९	९,१६१.६३	५.६५	**१२.०४**
हवाई	६,६४०.५२	४.६२	५,८५२.५३	३.६१	**(११.८७)**
मोटर	४५,९३८.६९	३१.९९	५५,१२५.१८	३४.००	**२०.००**
इन्जि. तथा ठे. जो.	१८,३४९.९९	१२.७८	२३,१२२.८१	१४.२६	**२६.०१**
विविध	१६,५८९.८८	११.५५	१७,३८१.६०	१०.७२	**४.७७**
कृषि तथा बाली	६,७७९.१९	४.७२	५,९५३.६३	३.६७	**(१२.१८)**
लघु	२,६८३.५०	१.८७	३,७२४.५३	२.३०	**३८.७९**
जम्मा	१,४३,५८६.९६	१००.००	१,६२,१४७.९८	१००.००	**१२.९३**

चालु आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको ३४ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको २.३० प्रतिशत रहेको छ। गत आ.व. को कार्तिक मसान्तसम्मको तुलनामा चालु आ.व.को कार्तिक मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १२.९३ प्रतिशतले वृद्धि भएको छ।

१५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८१ कार्तिक मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८२ कार्तिक मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	११,९२१.६०	८.३०	१२,७५५.८६	७.८७	**७.००**
मधेश	९,७०६.७७	६.७६	१०,५५४.०३	६.५१	**८.७३**
बागमती	९६,२२२.४९	६७.०१	१,११,७६३.५६	६८.९३	**१६.१५**
गण्डकी	७,८६४.८८	५.४८	८,०७७.४०	४.९८	**२.७०**
लुम्बिनी	१३,०३१.८१	९.०८	१३,८३१.७५	८.५३	**६.१४**
कर्णाली	१,२५०.८०	०.८७	१,४४४.३२	०.८९	**१५.४७**
सुदुरपश्चिम	३,५८८.६०	२.५०	३,७२१.०६	२.२९	**३.६९**
जम्मा	१,४३,५८६.९६	१००.००	१,६२,१४७.९८	१००.००	**१२.९३**

चालु आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६८.९३ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.८९ प्रतिशत रहेको छ।

१६. उजुरी दर्ता तथा फछ्यौंट

विवरण		आर्थिक वर्ष २०८१/८२	आर्थिक वर्ष २०८२/८३
गत वर्षको निवेदन बाँकी संख्या		२८७	**३९४**
यस वर्षको निवेदन संख्या	केन्द्रीय कार्यालयमा	१४४	३३
	प्रदेश कार्यालयमा	९१	१४
	कुल दर्ता	२३५	४७
पुनरावेदनबाट आएका मुद्दाको संख्या		३	-
जम्मा निवेदन		**५२५**	**४४१**
फैसला/सहमति भएका मुद्दा संख्या	फैसला	८५	२६
	सहमति	४६	१३
	जम्मा फछ्यौंट	१३१	३९
बाँकी संख्या		**३९४**	**४०२**

चालु आ.व. २०८२/८३ को कार्तिक मसान्तसम्ममा केन्द्रीय कार्यालयमा ३३ र प्रदेश कार्यालयमा १४ गरी प्राधिकरणमा कुल दर्ता भएका ४७ वटा उजुरी, गत वर्षको बाँकी ३९४ वटा निवेदन गरी कुल ४४१ वटा उजुरी प्राप्त भएको छ जसमध्ये २६ वटा उजुरी मुद्दा फैसलाबाट र १३ वटा उजुरी सहमतीबाट गरी कुल ३९ वटा उजुरी फछर्यौट भएका छन् भने ४०२ वटा उजुरी विचाराधिन अवस्थामानै रहेको छ।

तयार:

अनुसन्धान महाशाखा

नेपाल बीमा प्राधिकरण